# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १०, संख्याः २, मितिः २०८३/०६/१४

## भाग–२

## भरतपुर महानगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३

पारित मितिः २०८३/०६/०२

प्रमाणीकरण मितिः २०८३/०६/१४

**प्रस्तावना:**

नेपाल सरकार तथा प्रदेश सरकार तथा स्थानीय सरकारबाट बजेट विनियोजन भई उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने सार्वजनिक निर्माणसँग सम्बन्धित आयोजना/परियोजना/योजना/कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरुको दर्ता, नवीकरण, नियमन एवम् खारेजी सम्बन्धि कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले भरतपुर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली २०७६ को नियम २ बमोजिम भरतपुर महानगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३" रहेकोछ।

(२) यो कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ।

(ख) **"आयोजना"** भन्नाले महानगरपालिका मातहत वा सो अन्तर्गतको पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित आयोजना/परियोजना/योजना/कार्यक्रमलाई जनाउनेछ।

(ग) **"उपभोक्ता"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउनेछ।

(घ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको समितिलाई जनाउनेछ।

(ङ) **"महानगरपालिका"** भन्नाले भरतपुर महानगरपालिकालाई जनाउनेछ।

(च) **"सम्झौता"** भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन एवं मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ।

(छ) **"दर्ता अधिकारी"** भन्नाले महानगरपालिका भित्रका वडामा कामकाज गर्ने वडा सचिवलाई जनाउनेछ।

(ज) **"कार्यपालिका"** भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ।

(ज) **"१ आर्थिक वर्ष"** भन्नाले साउन १ गते देखि असार मसान्त सम्मको अवधिलाई जनाउनेछ।

३. **उपभोक्ता समिति दर्ता गर्नुपर्ने:**

(१) प्रचलित कानून बमोजिम महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने संघीय, प्रदेश तथा महानगरपालिका अन्तर्गतका स्वीकृत आयोजनाको कार्यान्वयनका लागि गठन भएका उपभोक्ता समिति महानगरपालिकाको सम्बन्धित वडा कार्यालयमा दर्ता गर्न देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(क) अनुसूची -१ बमोजिमको निवेदन

(ख) दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय, आमभेलाको निर्णय र सोको व्यहोरा खुल्ने एक प्रति फोटो,

(ग) कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र सम्बन्धित वडामा बसोबास गरेको व्यहोरा खुल्ने मतदाता परिचय पत्रको प्रतिलिपि

(घ) अनुसूची - ४ बमोजिमको ढाँचामा २ प्रति स्वीकृत विधान र दर्ता अधिकारीले माग गरेका अन्य आवश्यक कागजातहरु

(२) माथि उल्लेखित कागजातहरुको आवश्यक जाँचबुझ गरी दर्ता अधिकारीले दर्ता गरी सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाण-पत्र उपलब्ध गराउनेछ।

(३) उपभोक्ता समिति दर्ता कार्य नि:शुल्क हुनेछ।

४. **दर्ता नम्बर उपलब्ध गराउनुपर्ने:** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता भएका उपभोक्ता समितिलाई दर्ता नम्बर प्रमाणपत्रमा खुलाउनु पर्नेछ।

५. **उपभोक्ता समितिको अवधि र नवीकरण सम्बन्धी व्यवस्था:**

(१) सार्वजनिक निर्माणको लागि गठन भएको उपभोक्ता समितिको अवधि प्रचलित कानून बमोजिम दर्ता भएको १ आर्थिक वर्ष सम्म रहनेछ । सोही स्थानमा सोही प्रकृतिको थप कार्य गर्न अर्को आर्थिक वर्षमा बजेट विनियोजन भएको खण्डमा आवश्यकताको आधारमा त्यस्ता समितिहरु वार्षिक रुपमा नवीकरण गर्न सकिनेछ । र नवीकरण गरेको खण्डमा आयोजना कार्यान्वयनमा संलग्न रहनेछन् । नवीकरण गर्नको लागि सम्बन्धित उपभोक्ताहरुको आमभेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनु पर्नेछ ।

(२) उपभोक्ता समितिलाई निरन्तरता दिने वा नदिने विषयमा सम्बन्धित उपभोक्ता समितिले आर्थिक वर्ष समाप्त भएको प्रथम त्रैमासिकभित्र निर्णय गरी दर्ता गर्ने अधिकारी समक्ष रीतपूर्वक निवेदन दिनु पर्नेछ ।

(३) दर्ता गर्ने अधिकारीले नै आवश्यक कागजात रुजुगरी नवीकरण गर्न सक्नेछ ।

(४) नवीकरण कार्य नि:शुल्क हुनेछ ।

६. **उपभोक्ता समितिको सूचीकरण गर्ने:** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता हुने आएका उपभोक्ता समितिहरुको लगत अनुसूची - ३ को ढाँचामा राख्नु पर्नेछ ।

७. **उपभोक्ता समितिको अनुगमन नियमन सम्बन्धी व्यवस्था**:

(१) महानगरपालिकाले नियमानुसार दर्ता भएका उपभोक्ता समितिको अनुगमन र नियमन गर्न सक्नेछ ।

(२) अनुगमन गर्ने क्रममा प्रचलित कानूनको बर्खिलाप हुने गरी कुनै कार्य गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिलाई सचेत गराउने वा दर्ता खारेजी वा दुवै कारवाहीको लागि आदेश दिन सक्नेछ ।

८. **अन्य संस्थाबाट समेत कार्य गराउन सकिने:**

(१) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरु सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक स्तरका सहकारी संस्थाहरु, जल उपभोक्ता संस्था, आमा समूह, कृषक समूह, टोल विकास संस्था लगायतका कानून

बमोजिम दर्ता भएका अन्य सामुदायिक संघ/संस्था वा समितिहरु जस्ता संस्थाहरुलाई आफ्नो विषय क्षेत्रसँग सम्बन्धित आयोजनामा स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम कार्य गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा छुट्टै उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन।

९. **जिम्मेवारी र अभिलेख हस्तान्तरण:**

(१) उपभोक्ता समिति पुनर्गठन हुँदाको अवस्थामा आर्थिक कारोवारको विवरण माइन्युट लगायतका अभिलेख पुनर्गठित समितिलाई हस्तान्तरण गर्नु पर्नेछ। आयोजना सम्पन्न भएपछि सार्वजनिक निर्माणसँग सम्बन्धित कागजात महानगरपालिकामा बुझाउनु पर्नेछ।

१०. **उपभोक्ता समितिको एकीकृत लगत राखिने:** वडामा दर्ता भएका उपभोक्ता समितिको एकीकृत लगत अनुसूची ३ बमोजिमको ढाँचामा सम्बन्धित वडाले चौमासिकरुपमा महानगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ र महानगरले अद्यावधिक गरी एकीकृत लगत राख्नेछ।

११. **कार्यविधिमा संशोधन:** यस कार्यविधिमा कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१२. **दर्ता र खारेजी:** नवीकरण नगरेको खण्डमा उपभोक्ता समिति स्वत: खारेज भएको मानिनेछ। प्रचलित कानूनको गम्भीर उल्लङ्घन गरेको खण्डमा दर्ता अधिकारीले जाँचबुझ गरी उपभोक्ता समिति खारेज गर्न सक्नेछ।

१३. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा महानगरपालिकाको नगरकार्यपालिकाको कार्यालयले नियमानुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. **बचाउ र लागू हुने:**

(१) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै कुरा संघीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

## अनुसूची- १

*(दफा ३ (१) सँग सम्बन्धित)*

**उपभोक्ता समिति दर्ताका लागि दिइने निवेदनको ढाँचा**

मिति: ........................

श्री दर्ता अधिकारीज्यू,
भरतपुर महानगरपालिका
......... नं. वडा कार्यालय, चितवन,
बागमती प्रदेश, नेपाल।

**विषय- उपभोक्ता समिति दर्ता गरी पाउँ।**

नेपाल सरकार/ प्रदेश सरकार/स्थानीय सरकार .......................................... .................. मार्फत भरतपुर महानगरपालिका वडा नं. ............ मा आ.व. ......... कार्यान्वयन हुने ………………..आयोजनाका लागि मिति .......................... मा .......................... उपभोक्ता समिति गठन गर्ने निर्णय भएकोले नियमानुसार उपभोक्ता समिति दर्ताको लागि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु।

उपभोक्ता समितिको नाम:
ठेगाना:
अध्यक्षको नाम:
अध्यक्षको सम्पर्क नं.:

........……………
निवेदकको हस्ताक्षर

**संलग्न कागजातहरू:**

१. दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय,
२. आमभेलाको निर्णय र आम भेलाको एक प्रति फोटो,
३. कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,
४. सम्बन्धित स्थानमा बसोबास गरेको व्यहोरा खुल्ने जग्गाधनि पूर्जा प्रमाण पत्र र मतदाता परिचय पत्रको प्रतिलिपि
५. अनुसूची-४ बमोजिमको ढाँचामा २ प्रति स्वीकृत विधान

## अनुसूची - २

*(दफा ३ को उपदफा २ सँग सम्बन्धित)*

**भरतपुर महानगरपालिका**

**वडा नम्बर.......को कार्यालय**

**भरतपुर, चितवन**

**बागमती प्रदेश, नेपाल**

दर्ता नं. ........................ दर्ता मिति: ........................

**उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

श्री .......................................... उपभोक्ता समिति,

महानगरपालिका वडा नं. ........., चितवन, बागमती प्रदेश, नेपाल।

यस कार्यालयको मिति .......................... गतेको निर्णयानुसार भरतपुर महानगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि-२०७४ मा भएको व्यवस्थानुसार आर्थिक वर्ष .......................... मा विनियोजित बजेट रु................................................ कायम भएको स्वीकृत आयोजना...........................................................को कार्यान्वयनको लागि भरतपुर महानगरपालिका वडा नं. .......... मा गठन भएको श्री .......................................... उपभोक्ता समितिलाई यो दर्ता प्रमाण- पत्र प्रदान गरिएको छ।

अन्तिम म्याद कायम रहने मिति ः.................................

.......................

**दर्ता अधिकारी**

## दर्ता प्रमाण पत्रको पछाडि भागमा रहने नवीकरण विवरण

| नवीकरण मिति | नवीकरण गर्ने दर्ता अधिकारीको नाम थर | नवीकरण गर्ने दर्ता अधिकारीको हस्ताक्षर | समितिको म्याद कायम रहने मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची - ३

*(दफा ६ सँग सम्बन्धित)*

## उपभोक्ता समितिको सूचीकरण दर्ता किताब

| क्र. सं. | आयोजनाको नाम र ठेगाना | आयोजनाले समेट्ने क्षेत्र | समितिको नाम | उपभोक्ता समितिको गठन मिति | उपभोक्ता समितिको पदाधिकारीहरुको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची-४

*(दफा ३ (१)(घ) सँग सम्बन्धित)*

## उपभोक्ता समितिको विधानको नमूना

**प्रस्तावना:**

स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत साधन तथा अवसरहरुलाई अधिकतम परिचालनबाट र सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल वा बस्तीको समग्र विकास मार्फत नगरको विकासमा पुर्‍याउने उद्देश्यले यस .................................... उपभोक्ता समिति गठन गरी परिचालन गर्न यो विधान बनाइएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यो उपभोक्ता समितिको नाम .......................................... हुनेछ।

(२) यो विधान उपभोक्ताहरूको आम भेलाबाट अनुमोदन भई वडा कार्यालय वा नगरकार्यपालिकाको कार्यालयमा दर्ता भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

(क) "समिति" भन्नाले .................... उपभोक्ता समितिलाई सम्झनुपर्दछ।

(ख) "विधान" भन्नाले .................... उपभोक्ता समितिको विधानलाई सम्झनुपर्दछ।

(ग) "आमभेला" भन्नाले उपभोक्ता समिति गठनको लागि राखिएको उपभोक्ताहरुको भेलालाई सम्झनु पर्दछ।

(घ) "कार्यसमिति " भन्नाले कुनै पनि योजना सञ्चालनको लागि गठित उपभोक्ता समितिलाई सम्झनु पर्दछ।

(ङ) "बैठक" भन्नाले उपभोक्ता समितिको बैठकलाई सम्झनुपर्दछ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ।

३. **उपभोक्ता समिति गठनसम्बन्धी व्यवस्था**:उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(ग) महानगरपालिकास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारका एक भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ।

(झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन।

४. **उपभोक्ता समितिका सदस्यको योग्यताः**

१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा र मतदाता परिचय पत्र भएको

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन ।

५. **संगठित संस्था हुने:**

(१) यो समिति संगठित संस्था हुनेछ ।

(२) समितिको तोकिए बमोजिमको आफ्नो छुट्टै छाप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(३) समितिले चल- अचल सम्पत्ति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति बेचबिखन गर्न पाउने छैन । समिति विघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति पुनर्गठित उपभोक्ता समितिमा जानेछ ।

६. **उपभोक्ता समितिका उद्देश्यहरुः** समितिका उद्देश्यहरु देहाय बमोजिम हुनेछ:

(क) स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी कम लागतमा अधिकतम उपलब्धि हासिल गराउने,

(ख) आयोजनाको कार्यान्वयन र प्राप्त प्रतिफलसम्म लाभग्राहीहरूको समतामूलक पहुँच स्थापित गर्ने ।

७. **उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पादन गर्ने,

(ख) उपभोक्ताहरूलाई कार्यालयवाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी

गराउने,

(ग) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन गर्ने,

(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालयमा अनुरोध गर्ने,

(ङ) वातावरण सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भार मार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने,

(च) आयोजना सम्पन्न पश्चात तोकिएको ढाँचाका कागजातहरु सहित समयमै फरफारकका लागि सम्झौता गर्ने र कार्यालयमा पेश गर्ने।

(छ) योजना हस्तान्तरण पश्चात सम्बन्धित योजनाको रेखदेख र संरक्षण तथा जीर्णद्धार गर्ने गराउने।

**८. खाता सञ्चालन र प्यान नम्बर :**

(१) उपभोक्ता समितिको खाता नजिकको पायक पर्ने बैङ्कमा खोलिनेछ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जना मध्ये दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। तर खाता सञ्चालकहरु मध्ये कम्तीमा एक जना महिला हुनेछ।

(३) उपभोक्ता समिति दर्ता भएपश्चात आन्तरिक राजश्व कार्यालय वा नेपाल सरकारले तोकेको निकायबाट PAN No. लिनुपर्नेछ।

**९. कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:** कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार:**

(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।

(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरु लागू गर्ने, गराउने।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

(४) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने।

(५) विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकार:**

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एक तिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

(३) छलफलका प्रस्तावका आधारमा बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने ।

(४) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

(२) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**१०. आम भेलाको काम, कर्तव्य र अधिकार:** आम भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ख) कार्य समितिको कुनै सदस्य वा सिङ्गो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(ग) समितिको विधान संशोधन गर्ने ।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**११. आर्थिक व्यवस्थापन र लेखा परीक्षण:**

(१) समितिको देहाय बमोजिम आर्थिक स्रोत प्राप्त गर्न सक्नेछ र त्यसरी प्राप्त अनुदान उपभोक्ता समितिको निर्णयबाट आफूले खोलेको खातामा दाखिला हुनेछ ।

(क) नगरपालिकाबाट प्राप्त अनुदान ।

(ख) जनश्रमदानबाट प्राप्त हुने आम्दानी ।

(ग) संघ संस्थाबाट नगद जिन्सी तथा अन्य आम्दानी ।

(घ) उपभोक्ता समितिबाट आयोजना/ परियोजना/ कार्यक्रम/ योजना/ क्रियाकलापमा गरिने लागत साझेदारीको रकम ।

(२) समितिले आफ्नो खर्च र आम्दानीको दुरुस्त लगत राख्नुपर्नेछ र प्रचलित

कानून बमोजिम सार्वजनिक परीक्षण गरी गराई सार्वजनिकीकरण गराउनु पर्नेछ।साथै समितिले भौतिक र वित्तीय प्रगतिको लेखाजोखा गरी अभिलेख कायम गर्नुपर्नेछ।

(३) उपभोक्ता समितिले आफूले गरेको आर्थिक कारोबारको सम्बन्धमा दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ र लेखा परीक्षणबाट औंल्याइएको व्यहोरा बमोजिम कार्यसम्पादन गर्नुपर्नेछ।

**१२. कार्यसमितिका पदाधिकारीको राजीनामा:**

(१) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन्।

(२) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ।

**१३. विविध:**

(१) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी आमभेलामा पेश गर्नु पर्नेछ। आमभेलामा उपस्थित सदस्यहरुको कम्तिमा दुई तिहाई बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ।

(२) यो विधान प्रचलित ऐन, नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

(३) संस्थाको विघटन: कुनै पनि योजनाको कार्य सम्पन्न भई सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ सम्पन्न भए पश्चात उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ। तर, उपभोक्ता समितिबाट सञ्चालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरीप्रति सम्बन्धित उपभोक्ता समितिको जवाफदेहिता भने समाप्त हुने छैन।

(४) आर्थिक वर्ष: आर्थिक वर्ष श्रावण १ गतेबाट प्रारम्भ भई आषाढ मसान्तमा समाप्त हुनेछ।

हामी ......................................... उपभोक्ता समितिका सदस्यहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौ :

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | सचिव | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सदस्य | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |

**रोहवर**

| क्र.सं. | जनप्रतिनिधिको नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| | | | |

**साक्षी**

१. भरतपुर महानगरपालिका वडा नं. ..... बस्ने वर्ष ..... को ..................

२. भरतपुर महानगरपालिका वडा नं. ....... बस्ने वर्ष ...... को ................

## अनुसूची -१
## संस्थाको छाप

(दफा ३ को खण्ड ख सँग सम्बन्धित)

माथिल्लो भागमा ............ उपभोक्ता समिति र तल्लो भागमा भरतपुर- ..... तथा बीच भागमा ...... को तस्विर भएको छाप हुनेछ ।

आज्ञाले,

**वीरेन्द्रदेव भारती**

प्रमुख प्रशासकीय अधिकृत